अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)


रुन्टीगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः २०८१/०९/२९


भाग-१

रुन्टीगढी गाउँपालिका

स्थानीय मदिरा ( अन्नबाली तथा फलफुलबाट) उत्पादन, ब्रान्डिङ तथा बिक्री वितरण व्यवस्थापन ऐन २०८१

## स्थानीय मदिरा ( अन्नबाली तथा फलफुलबाट) उत्पादन, ब्रान्डिङ तथा बिक्री वितरण व्यवस्थापन ऐन २०८१

प्रस्तावनाः

नेपाल कृषिमा निर्भर रहेको देश हो अन्नबाली उत्पादनका हिसाबले सबै प्रकारका अन्नबाली नेपालमा उत्पादन हुन्छ । पहाडी भूभागमा उत्पादन हुने अन्नबालीमा मकैबाली महत्वपूर्ण बाली हो ।मकै महाभारत तथा चुरे क्षेत्रमा अत्यधिक उत्पादन हुन्छ । हाम्रो रुन्टीगढी गाउँपालिकाको सम्पूर्ण भूभागहरूमा मकै उत्पादन हुन्छ। मकै रोटी र ढिँडो बनाउन उत्पादन गर्ने गरेको भए तापनि यसको जाँड, रक्सी बनाएर खाने चलन परापूर्व

समयदेखि नै रहेको छ । मदिरा सेवन गर्ने समुदायले आफ्नो धार्मिक सांस्कृतिक रीतिस्थिति र परम्पराअनुसार यसको प्रयोग गर्ने गरेका छन् । स्थानीय तहमा उत्पादन गरिएको मदिरालाई रक्सी उत्पादन गर्न , त्यसको ब्रान्डिङ गर्न, त्यसको गुणस्तर निर्धारणमा सहजीकरण गर्नका लागि साथै कम्पनीबाट उत्पादित मदिरा बिक्री वितरणको व्यवस्थापन गर्नका लागि नेपालको संविधान २०७२ को अनुसुची ८ ले दिएको अधिकार प्रयोग गरी यो स्थानीय मदिरा (अन्नबालि तथा फलफुल बाट)उत्पादित ब्रान्डिङ तथा बिक्री वितरण व्यवस्थापन ऐन जारी गर्न उपयुक्त देखिएकोले रुन्टीगढी गाउँपालिकाको यो ऐन जारी गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यस ऐनको नाम "रुन्टिगढी गाउँपालिकाको स्थानीय मदिरा (अन्नबाली तथा फलफुल को) रक्सी उत्पादन, ब्रान्डिङ तथा बिक्री वितरण व्यवस्थापन ऐन २०८१ "रहेको छ ।

ख) यो ऐन गाउँसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि तुरुन्त लागू हुनेछ ।

ग) यो ऐन रुन्टीगढी गाउँपालिका भित्र लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

क) "मदिरा" भन्नाले अन्न फलफुल वा अन्य कुनै स्टार्ट स्टाटसयुक्त वस्तुबाट जीवप्रसानिक प्रतिक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार गरिएको अल्कोहलयुक्त पदार्थ सम्झनुपर्छ। र सो शब्दले रक्सी, जाँड, छ्याङ, हुस्की र जिन, ब्रान्डी, भोटका, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, निड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्पिरिट, माल्ट स्पिरिट, साइन्ट स्पिरिट, डिनेचोड स्पीड र हेड्स स्पिरिट समेतलाई जनाउँछ।

ख)"उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको समिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधी वा कार्यलाई सम्झन् पर्छ ।

ग)"अनुमति पत्र" भन्नाले दफा ९ बमोजिम मदिरा उत्पादन बिक्री वितरण निकासी वा पैठारी गर्न दिएको अनुमतिपत्र सम्झनुपर्छ ।

घ)"ब्रान्डिङ" भन्नाले उत्पादनलाई खाद्यवस्तु गुणस्तर नियन्त्रण प्रयोगशालाबाट परीक्षण गराई त्यसलाई पिउन योग्य हो भनि प्रमाणिकरण गर्ने प्रक्रिया सम्झनुपर्छ ।

ङ) "स्टिकर" भन्नाले गुणस्तर चिन्हलाई मदिरा प्याकिङ गरिएको भाडामा प्रयोग गरिने कुरालाई सम्झनुपर्छ।

च)"सिलबन्दी" भन्नाले मदिरा उत्पादन गरिसकेपछि त्यसलाई भाडोमा बन्द गरेपश्चात् अन्तशुल्कबाट गरिने सिलबन्दीलाई सम्झनुपर्छ।

छ)"तोकिएको वा तोकिएको बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

## परिच्छेद - २
## उत्पादन तथा बिक्री

३. घरेलु मदिराको उत्पादन र बिक्री :

क) यस गाउँपालिका क्षेत्रभित्र निश्चित प्रक्रिया पुऱ्याई अन्नबाली तथा फलफुल बाहेकका घरेलु मदिरा उत्पादन तथा बिक्री वितरण गर्न पाइने छैन। तर यस दफाले कसैलाई पनि धार्मिक तथा घरायसी प्रयोजनको लागि निश्चित परिमाणमा घरेलु मन्दिर उत्पादन गर्न रोक लगाएको मानिने छैन।

ख) उपदफा (क) बमोजिम उत्पादन गरी बिक्री गरेमा खान तलासी लिई उत्पादनमा प्रयोग भएका सामानहरु जफत गर्ने र रु ५० हजार सम्म जरिवाना गर्न सकिनेछ।

ग) यस पालिकाभित्र व्यावसायिक रुपमा उत्पादन गरिएको मकै, कोदो, गहुँ, धान, चुत्रो, चिउरी, तेजु, नास्पति किवी आदी को मदिरालाई ब्रान्डिङ गर्न र त्यसको परीक्षण गर्न सहजीकरण गरिनेछ।

घ) उत्पादित स्थानीय मदिरालाई स्टिकर लगाई भाँडोमा सिलबन्दी गरेर पछि गाउँपालिकाको प्रतिनिधिको रोहबरमा अन्तशुल्कको होलोग्राम चिन्हले सिललाई प्रमाणिकरण गरेर मात्र बिक्री गर्न बजारमा पठाइनेछ।

ङ) यसरी अन्तशुल्कले प्रमाणीकरण नगरेको मदिरा बिक्री वितरण गरेको खण्डमा तोकिए बमोजिमको सजाय हुनेछ।

च) यसरी उत्पादन हुने मदिराको मापदण्ड अनुसारको उत्पादन गरी खाद्य तथा गुणस्तर प्रयोगशालाबाट त्यसमा युपी अल्कोहल इकाइ मात्र २५% र भिभि ४२.३% कायम गरिनेछ।

४. मदिरा जन्य वस्तुको बिक्री

क) मदिरा जन्य वस्तुको विक्रेताले सङ्कलन तथा बिक्री केन्द्र स्थापना गर्न प्रक्रिया पूरा गरी यस गाउँपालिकाबाट स्वीकृत लिनुपर्नेछ।

ख) मदिराजन्य वस्तु सङ्कलन तथा बिक्री केन्द्र स्थापना भएको खाद्यान्न किराना वा अन्य पसल खोल्न पाइने छैन। त्यस्ता पसलहरु छुट्टै खोल्नुपर्नेछ।

ग) यस गाउँपालिकाभित्र बेलुका ५ बजे देखि अघि र ९ बजे भन्दा पछि मदिरा जन्य पदार्थको बिक्री वितरण गर्न पाइने छैन।

५. मदिरा जन्य पदार्थको प्रयोग :

क) यस गाउँपालिका भित्र तोकिएको क्षेत्रबाहेक कुनै पनि सार्वजनिक स्थलमा मदिराजन्य पदार्थ सेवन गर्न पाइने छैन। मदिरा जन्य पदार्थ सेवन गरी सार्वजनिक स्थलमा होहल्ला वा झगडा गरेमा यस्तो गर्ने व्यक्ति वा समूहलाई नियन्त्रणमा लिन सकिनेछ।

ख) उपदफा (क) बमोजिम नियन्त्रणमा लिएको व्यक्तिलाई जनही रु १००० देखि ५००० सम्म जरिवाना गर्न सकिनेछ।

## परीच्छेद- ३
## अनुमति तथा नियन्त्रण

६. मदिराको उत्पादनमा नियन्त्रण कुनै व्यक्तिले अनुमति पत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको उत्पादन गर्न पाइने छैन।

७. मदिराको बिक्री वितरणमा नियन्त्रण :

क) कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मध्येले बिक्री वितरण गर्न वा मदिरा खुवाउन बार वा रेस्टुरेन्टमा पसल थाप्न पाइने छैन।

ख) प्लास्टिकको पोका पाउँचमा मदिरा राखी मदिरा उत्पादन तथा बिक्री वितरण गर्नु हुँदैन।

ग) १८ वर्ष उमेर पूरा नगरेको व्यक्ति तथा गर्भवती महिलालाई मदिरा बिक्री वितरण गर्नु हुँदैन।

८. मदिराको निकासी पैठारीमा नियन्त्रण कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमति पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको निकासी वा पैठारी गर्न पाइने छैन।

९. अनुमतिपत्रको लागि निवेदन दिनुपर्ने यस गाउँपालिकाभित्र मदिराको उत्पादन बिक्री वितरण निकासी वा पैठारी गर्न चाहनेले गाउँपालिकाबाट अनुमति पत्र लिनुपर्नेछ र अनुमतिपत्र लिनको लागि तोकिए बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।

१०. अनुमति दिनुपर्ने दफा ६ बमोजिम अनुमति पत्रको लागि कुनै निवेदन पर्न आएमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र यसरी जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिन मनासिव देखिएमा तोकीय बमोजिमको शर्तको अधीनमा रही मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा अनुमतिपत्र दिनुपर्नेछ। तर १८ वर्ष पूरा नगरेको व्यक्तिलाई अनुमतिपत्र दिइने छैन।

११. अनुमतिपत्रको अवधि र नवीकरण अनुमतिपत्र प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ। र नवीकरण दस्तुर सम्बन्धी व्यवस्था गाउँपालिकाको आर्थिक ऐनमा तोकीय बमोजिम हुनेछ ।

१२. अनुमतिपत्र रद्द गर्न सक्ने तोकिएको अधिकारीले दफा ६ बमोजिम दिएको अनुमतिपत्र देखाएको अवस्थामा रद्द गर्न सक्नेछ।

क) अनुमतिपत्र नवीकरण नगरेमा

ख) अनुमतिपत्रमा तोकिएका शर्त उल्लङ्घन गरेमा

ग) दफा (४) बमोजिम विपरीत काम गरेमा

१३. लागू नहुने अवस्था यस ऐनको अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि निजी उपयोगको निमित्त तोकिएको परिमाणमा जाँड रक्सी बनाउन यस ऐन अन्तर्गत अनुमतिपत्र लिनुपर्ने छैन।

## परिच्छेद- ४
## अनुगमन सम्बन्धी व्यवस्था

१४. खानतलासी कब्जा वा नियन्त्रणमा लिन सक्ने

क) कुनै स्थानमा यस ऐन बमोजिम सजाय हुने कसुर गरेको छ भने मनासीव कारण भएमा गाउँपालिकाको बजार अनुगमन समिति वा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीले त्यस्तो स्थानको खानतलासी गर्न सक्नेछ

ख) उपदफा (क) बमोजिम खानतलासी गर्दा तोकिएको अधिकारीले खानतलासी गर्नुपर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नुभन्दा अगाबै सूचना दिएर मात्र खान तलासी गर्नुपर्नेछ।

ग) उपदफा (ख) बमोजिम खानतलासी गर्दा यस ऐन बमोजिम सजाय हुने कसुर भएको विश्वसनीय कारण देखिएमा यस्तो कसुरसँग सम्बन्धित सामान कब्जामा लिन सकिनेछ।

घ) कुनै व्यक्तिले यस ऐन बमोजिम सजाय हुने कसुर गरेको वा गर्न लागेको छ र निजलाई नियन्त्रणमा लिएर निज भागि जाने सम्भावना छ भन्ने लागेमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले निजलाई गाउँ नगर प्रहरी वा स्थानीय तहमा रहेको नेपाल प्रहरीको सहयोगमा निजलाई नियन्त्रणमा लिन आदेश दिन सक्नेछ।

ङ) तोकिएको अधिकारीले यस दफा बमोजिम खान तलासी कब्जा वा नियन्त्रणमा लिँदा अपनाउनुपर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५ .नियन्त्रण र कब्जाको प्रतिवेदन दिनुपर्ने

यस ऐन अन्तर्गत कसैलाई नियन्त्रणमा लिएको वा कुनै स्थानमा खानतलासी गरेको वा कुनै सामान कब्जा गरेकोमा तोकिएको अधिकारीले सो कुराको प्रतिवेदन २४ घण्टाभित्र छिटो साधनद्वारा प्रमुख प्रशासकीय अधिकृत समक्ष पठाउनुपर्नेछ।

१६. दुःख दिने नियतले खानतलासी कब्जा वा नियन्त्रण गर्नेलाई सजाय

यस ऐनको विरुद्ध काम भए गरेको भन्ने मनासिव शङ्का नभई अर्कालाई दुःख दिने हैरानी गर्ने बेइज्जत गर्ने वा क्षति पुर्याउने नियतले कुनै स्थानमा प्रवेश गर्न वा खानतलासी गर्ने गराउने, कसैलाई नियन्त्रण गर्ने गराउने, कब्जा वा जफत गर्न नहुने सामान कब्जा वा जफत गर्ने गराउने वा कसैलाई अनावश्यक क्षति वा चोट पुर्याउने वा पुर्याउन लगाउने व्यक्तिलाई ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

१७. मदिरा तथा अन्य सामानको जफत र बिक्री

क) कुनै व्यक्तिले यस ऐन विपरीत मदिराको उत्पादन बिक्री वितरण निकासी वा पैठारी गरेमा गाउँपालिकाको कार्यालयले त्यस्तो मदिरा जफत गर्नेछ।

ख) उपदफा (क) बमोजिम जफत गरिएको मदिरामध्ये गुणस्तरयुक्त मदिरा गाउँपालिकाको तोकिएको अधिकारीले तोकिए बमोजिमको लिलाम बिक्री गर्नुपर्नेछ।

ग) यस ऐन विपरीत मदिराको कारोबार गर्न प्रयोग गरिएका सबै सामानहरू गाउँपालिकाको कार्यालय वा सो अन्तर्गत तोकिएको अधिकारीले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ तर सवारी साधनको हकमा सवारी धनीको मन्जुरी रहनेछ भने यस्तो सवारी साधन जफत हुने छैन।

१८. सहयोग गर्नुपर्ने यस ऐन अन्तर्गत सजाय हुने कसुरको तहकिकातको सिलसिलामा प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

## परिच्छेद- ५
## विवाद निरूपण दण्ड तथा पुरस्कार

१९. मुद्दा हेर्ने अधिकारी यस ऐन बमोजिम मदिराजन्य वस्तुको उत्पादन बिक्री र उपयोगको कारण उत्पन्न विवाद गाउँपालिकाको न्यायिक समितिले हेर्नेछ तर न्यायीक समितिको क्षेत्राधिकार बाहेकको विषय संघीय र प्रदेश कानुन बमोजिम हुनेछ।

२०. पुनरावेदन यस ऐन बमोजिम न्यायिक समितिले गरेको निर्णय उपर संघीय कानुन बमोजिम पुनरावेदन गर्न सकिनेछ।

२१. दण्ड सजाय

क) यस ऐन विपरीत काम गर्ने व्यक्तिलाई कसुरको प्रकृति अनुसार १ लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

ख) ऐन विपरीतको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्ता काम गर्न दुरुत्साहन गर्ने वा सो कामलाई सहयोग गर्ने व्यक्तिलाई ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ

२१. गाउँपालिकालाई तिर्नुपर्ने रकम सरकारी बाँकी सरह असुल गर्ने यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्तिले गाउँपालिकालाई तिर्नु बुझाउनुपर्ने रकम नतिरी नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट तोकिएको अधिकारीले सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

२२. पुरस्कारः

क) कसैले यस ऐन विपरीत मदिरा उत्पादन सञ्चय बिक्री वितरण ओसारपसार निकासी वा पैठारी गर्न लागेमा वा गरेमा त्यसको सुराक दिने वा सबूत प्रमाणसहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा बिगोको २०% रकम पुरस्कार स्वरूप दिन सकिनेछ।

ख) उपदफा (क) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सोसँग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई बिगो मानिनेछ।

ग) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा कार्यपालिकाले त्यस्तो सुराग दिने वा सबूत प्रमाणसहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहर्याइएको रकम पुरस्कार स्वरूप दिन सक्नेछ ।

घ) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एकजनाभन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ।

ङ) यसरी दिने पुरस्कारमा कुनै कर लाग्ने छैन ।

## परिच्छेद- ६
## संशोधन बचाउ तथा खारेजी

२४. नियम बनाउने अधिकारः यस ऐन को उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियम तथा कार्यविधि बनाउन सक्नेछ।

२५ .संशोधन बचाउ र खारेजी

क) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित संघीय तथा प्रदेश कानुन बमोजिम भई वा डिस्टीलरीबाट मदिरा उत्पादन गर्ने ठेक्का वा अनुमति प्राप्त गरेमा यस ऐनले बाधा पुर्याएको मानिने छैन।

ख) ऐन संशोधन वा खारेज गर्न आवश्यक देखेमा गाउँसभाले संशोधन वा खारेज गर्न सक्नेछ।

ग) यस ऐनमा लेखेका कुराहरू प्रचलित स्थानीय सरकार सञ्चालन ऐन २०७४ सँग बाजिएको हदसम्म स्वत निष्क्रिय हुनेछ ।

२६. यसै ऐन बमोजिम हुने यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ र दफा २५ सम्म लेखिएदेखि बाहेक यस ऐनसँग बाँझिने प्रचलित सङ्घीय वा प्रदेश कानुनसँग बाझिएको हदसम्म यस ऐनको प्रयोगको निमित्त खारेज भए सरह मानिनेछ।

आज्ञाले,<br>
धनि प्रसाद खड्का<br>
प्रमुख प्रशासकीय अधिकृत